आठ

# नेटुवा जातिको फेरिँदो सामाजिक जीवन

**संजय कुमार पासी**

नीद न जानै टूटी खाट, अमल न जानै जातपात
प्यास न जानै मुर्दा घाट, भूख न जानै जुठा भात ।।

यो अवधी भाषामा प्रचलित उखान हो । यसको अर्थ हुन्छ—निद्रा लागेपछि टुटेको खाट हेरिँदैन, कुनै चिजको अमल (लत) लागेपछि जातपात हेरिँदैन; प्यास लागेपछि पानी खाने मुहान हेरिँदैन, र भोक लागेपछि जूठो-चोखो हेरिँदैन । यो पंक्तिले नेटुवा समुदायको सामाजिक जीवनलाई सजीव चित्रण गर्दछ ।

नेटुवा समुदाय नेपाल र भारतमा नट, नटुवा र नेटुवाका रूपमा परिचित छन् । "नेपालको तराई भू-भागमा बस्ने र नाचगान लगायत कला प्रदर्शनी गर्ने समुदाय हो नटुवा । नटुवा समुदायको नाम र पहिचान परम्परागत पेशाकै आधारमा स्थापित भएको देखिन्छ । नेपालमा नटुवाहरूले आफूलाई नट भनेर पनि चिनाउँछन्" (रसाइली २०७६ : ३०२) ।

नेटुवा समुदाय नेपाल तथा भारतमा बसोबास गर्ने घुमन्तु (घुमन्ते वा फिरन्ते) समुदायको रूपमा चिनिन्छन् । नेटुवा समुदाय भारतमा बेसी मात्रामा फिरन्ते समुदायको रूपमा रहेका छन् । नेपालमा भने उनीहरूको बसाइमा धेरै हदसम्म स्थिरता छ । उनीहरू यहाँ स्थायी किसिमले एकै ठाउँमा बसोबास गर्न थालेको धेरै समय भइसकेको छ भने जीविकाका लागि वर्षको दुई तिहाई समय गतिशील हुने क्रम अझै छ (रसाइली २०७६ : ३०६), तर घट्दो छ ।

नेपालको पूर्व सिरहादेखि पश्चिमको कञ्चनपुर जिल्लासम्म फैलिएर बसोबास गरिरहेको नेटुवा समुदाय राष्ट्रिय दलित आयोगको सूची अनुसार १९ जातिका मधेसी

दलित समुदायभित्र पर्छन् । दलित समुदायबीच पनि नेटुवाहरूको आर्थिक, सांस्कृतिक एवं राजनीतिक अवस्था कमजोर रहेको छ । उनीहरू बहुसंख्यक रूपमा भूमिहीन छन् । उनीहरूसँग घर बनाउने जग्गाजमिन समेत छैन । त्यसैले उनीहरू प्लास्टिकका पालमुनि बाह्रै महिना आफ्नो जीवन बिताइरहेका भेटिन्छन् ।

इतिहास हेर्दा नेटुवा समुदायका सदस्य स्वतन्त्रता पूर्वक जीवनयापन गर्न मन पराउँछन् । पहिले नट वा नाच वा कलाबाजी प्रदर्शन गरी जीविका चलाउने भएकाले उनीहरू घुमन्ते र स्वतन्त्र भएको हुन सक्छ वा उनीहरूले घुमन्ते जीवनसँग अनुकूल हुने विभिन्न क्रियाकलाप गरी जीवन धान्ने गरेको हुन सक्छ । उनीहरूले विशेष गरी चटक देखाउने, जनावर र सर्प समात्ने र नचाउने, मह काढ्ने र बेच्ने तथा भिक्षा माग्ने कार्य मार्फत आफ्नो र परिवारको जीवन गुजारा गर्दै आइरहेका छन् ।[१]

सामाजिक परिवेशमा आएको परिवर्तनसँगै उनीहरूको जीवनशैलीमा पनि परिवर्तन आएको छ । नेटुवा जातिको जीवनमा आएको परिवर्तनबारे अध्ययन उनीहरूको सामाजिक परिवर्तनको दिशा बुझ्न र त्यसमा राज्य र अन्य पक्षबाट गरिनुपर्ने पहलका लागि उपयोगी हुन सक्छ ।

नेटुवा जातिको अवस्थाबारे साउनदेखि माघ २०७५ सम्म सात महिनाभित्र अध्ययन गर्ने प्रयास गरिएको थियो । यसको लागि प्रदेश नं. ५ बाट कपिलवस्तु जिल्ला र त्यसै गरी प्रदेश नं. २ बाट पर्सा जिल्लालाई छनोट गरी अध्ययन कार्य गरिएको छ । कपिलवस्तुमा बसोबास गर्ने नेटुवाहरूको समग्र घरधुरीलाई लक्षित गरी विस्तृत अध्ययन गरिएको छ भने पर्सामा नमूनाको रूपमा केही घरधुरीलाई लिइएको छ ।

कपिलवस्तुमा बसोबास गर्ने नेटुवा जातिको शत प्रतिशत घरधुरीलाई लक्षित गरी उनीहरूको सांस्कृतिक, आर्थिक, राजनीतिक अवस्थाबारे बुझ्न प्रश्नावली तयार गरी घरधुरी सर्वेक्षण गरिएको हो । यसै क्रममा नेटुवा जातिका विभिन्न उमेर समूहका महिला तथा पुरुष गरी १८ जनासँग अन्तर्वार्ता लिइएको छ भने अन्य जात जातिका पाँच जनासँग कुराकानी गरिएको छ । अन्तर्वार्ताका लागि सामाजिक कार्यकर्ता, राजनीतिक अगुवा, शिक्षक लगायतलाई छनोट गरिएको हो । पर्सामा चार जना नेटुवा जातिबाट र दुई जना अन्य समुदायबाट छनोट गरी सूचना संकलन गरिएको थियो ।

यस अध्ययनको प्रमुख सवाल हुन्—नेटुवाहरू समाजमा कसरी चिनिएका छन् ? जातीय पहिचानको सवालमा उनीहरू आफूलाई के भनेर चिनाउन चाहन्छन् ? पहिचानबारे उनीहरूको अन्तरपुस्ता बीचको बुझाइमा के फरक छ ? उनीहरूको आफ्नो जातीय पहिचान झल्किने संस्कृति, चालचलन, प्रथा, परम्परा एवं जीवनशैली कसरी परिवर्तन हुँदैछ ?

[१] "उनीहरू सर्प समाउने, सर्प नचाएर आएको आम्दानीले पेट पाल्ने, माहुरीको मह काढ्ने, कुकुर पाल्ने र जंगली स्याल लगायत जनावरको सिकार गर्ने पेशा गर्छन्" (रसाइली २०७६ : ३०२)।

जीवन र जीविका चलाउन पुस्तौँदेखि गर्दै आइरहेको संघर्ष तथा उनीहरूको जीवनशैलीमा आएको क्रमिक परिवर्तनमा अन्य समुदायले पारेको प्रभाव कस्तो छ ? यिनै सवाललाई अध्ययनको केन्द्रबिन्दुमा राखी उनीहरूको सामुदायिक पहिचान; त्यसको जरामा रहेको आर्थिक सांस्कृतिक र राजनीतिक जीवन; त्यसमा आएको परिवर्तनलाई रेखांकन गर्ने कोसिस गरिएको छ ।

दलित समुदायको, त्यसमा पनि मधेसी दलितको संघर्ष र जीवनशैलीबारे लेखिएको साहित्यको आम रूपमा खडेरी नै छ । नेपाल र भारतमा समेत रहेका नेटुवा समुदायसँग जोडिएका मुख्य सवालसँग सम्बन्धित सन्दर्भ सामग्री न्यून मात्रामा भेटिएका छन् । यसबाट यस समुदायबारे निकै कम मात्रामा अध्ययन अनुसन्धान भएको बुझ्न कठिन छैन । त्यसैले उनीहरूकै मौखिक इतिहास, जीवन्त भोगाइ र बुझाइलाई आधार मानेर यो अध्ययन गरिएको छ ।

## नेटुवा जीवनको सामाजिक इतिहास

सत्ता-शक्ति र सम्पत्ति नभएका मानिसहरूको इतिहास लेखिएको विरलै पाइन्छ । सत्ता-शक्ति र सम्पत्तिबाट वञ्चित नेटुवा समुदायको पनि कुनै लिखित इतिहास पाइँदैन । एकाध धर्मशास्त्रका किताबमा उनीहरूलाई अपमानित गर्ने गरी नै किन नहोस् उल्लेख गरिनु पनि ठूलो कुरा हो ।

"मनुस्मृति" मा नटको जन्मकथा कोरिएको छ, जुन विवादबाट मुक्त छैन । मनुस्मृति अनुसार क्षत्रीय वर्णका व्रात्य (आचार भ्रष्ट) बाट जन्मिएका सन्तानलाई झल्ल, मल्ल, लिच्छवि, नट, करण, खस र द्रविड भनिन्छ (मनुस्मृति १०:२२; रसाइली २०७६ : ६२ मा उद्धृत) ।

विहारका नटहरूबारे गहन अध्ययन गरेका पुरुषोत्तम र जोस कलापुरा (सन् २०१२ : ३९) ले विभिन्न धर्मशास्त्र, सूत्र र कोष उधिनेका छन् । उनीहरूका अनुसार :

> हरीत (हरीती) धर्मसूत्र, औशनस धर्मशास्त्र, बृहस्पतिको धर्मशास्त्र, आत्रेय धर्मशास्त्र, कामसूत्र, कौटिल्यको अर्थशास्त्र, भरतको नाट्यशास्त्र, अमरकोष, मनुस्मृति आदि ग्रन्थमा गरिएका चर्चाले प्राचीन समाजमा नटहरूको अवस्थिति र इतिहासबारे प्रकाश पार्छन् । यसबाट थाहा हुन्छ, सूत्रकाल (६०० ईसापूर्वदेखि ३०० ईसापूर्व) भन्दा धेरै पहिलेदेखि यो समुदायले अस्तित्व ग्रहण गरिसकेको थियो र सूत्रकालदेखि उनीहरूलाई निरन्तर अस्पृश्य मान्दै आइएको छ ।

घुमन्ते कविला र जनजाति सम्बन्धी अध्येता एवं लेखक गणेश एन. देवी (सन् २०१२ : ११) ले नटहरूलाई "महाभारत" मा उल्लिखित "सुत" (अर्ध जाति) का वंशज कलाकार र सर्जकको रूपमा श्रद्धेय वर्गको रूपमा उल्लेख गरेका छन् । उनको अध्ययन अनुसार पेशा र सामाजिक संगठन दुवै मामिलामा नट प्राचीनतम परम्पराका १२ समुदायमध्ये एक हो । विश्वका विभिन्न भागबाट आएका यात्रीहरूका यात्रा वृत्तान्त तथा प्राचीन, मध्यकालीन र आधुनिक साहित्यमा असंख्य स्थानमा नटहरूको चर्चा पाइन्छ (देवी सन् २०१२ : ११) ।

भारतमा नट, नटुवा र नेटुवाको नाममा सयौँ वर्षदेखि उनीहरूको बसोबास थियो जुन समयावधि तीन हजार वर्षसम्म पुग्न सक्छ । पुरुषोत्तम र जोस कलापुरा (सन् २०१२ : १४) ले नटहरूलाई हिन्दू वर्णवादले शूद्रको श्रेणीमा राखेको र लगभग अढाई हजार वर्षदेखि यस समुदायलाई अन्त्यज वा पिँधको समुदाय वा अछूत-अस्पृश्यमा गणना गरेको तथ्य उल्लेख गरेका छन् । उनीहरूका अनुसार, एउटा घुमन्ते समुदायको रूपमा रहेका नटहरू फुटपाथमा सर्कस, जादुको खेल, नाच-गाना, साँप नचाउने, बाँदर-भालु नचाउने, टाटु खोप्ने, कुश्ती खेल्ने, जडीबुटीबाट उपचार गर्ने, मह निकालेर बेच्ने, पशुहरूमा गर्भाधान गराउने, साँढे र भैँसी पाल्ने लगायतका कामबाट घुमन्ते जीवनलाई आधार दिँदै आएका छन् । सामाजिक व्यवस्था र विभिन्न सामाजिक अभावमा यस समुदायका मानिस गरिबी, अशिक्षा र अपमान सहन बाध्य छन् । अभावमा उनीहरू वनबिरालो, स्याल, खरायो, हरिण, साँवर, नीलकण्ठ, काग, बकुल्ला, मैना, तीतरा, कोइली आदि पशुपंक्षीको मासुमा आश्रित रही गुजारा गरेका छन् जसमा केही पशुपंक्षी अभक्ष्य (खाने अयोग्य) मानिन्छन् (पुरुषोत्तम र कलापुरा सन् २०१२ : १७) ।

अध्येता मेघराज रसाइलीले "मनुस्मृति" मा बुबाआमाले प्रेम विवाह गरेकै आधारमा ओडार र दुलोमा बस्ने प्राणी समाउने, बाँध्ने र मार्ने काम दिइएका क्षता, उग्र र पुक्कससँग नट र मुसहर समुदायको ऐतिहासिक सम्बन्ध हुन सक्ने सम्भावनातिर संकेत गरेका छन् :

> ओडार र दुलोका पशु समाउने काममा लगाइएकै कारण उनीहरूले जनावर र सर्प नचाउँदै अरूलाई मनोरञ्जन गराई गुजारा गर्नुपर्ने अवस्था आएको हुनुपर्छ । बाँदर, भालु र सर्प नचाएर गुजारा चलाउने काम मधेसी दलितमा पर्ने नट/नटुवा/नेटुवा समुदायले अझै गर्ने गरेका छन् । मनुस्मृतिमा छुट्ट्याइएका ती जातमध्ये एक नट समुदाय पनि हुन सक्छ । त्यसैले यस विषयमा थप अनुसन्धान जरुरी छ । (रसाइली २०७६ : ६१ )

उनी थप लेख्छन्,

> नट भनेको नर्तक हो । तराईवासी दलितमा नट पनि पर्छन् । उनीहरूको एक परम्परागत पेशा पनि नाच्ने हो । त्यस्तै, पहाडका वादीहरूको पुरानो पेशा पनि नाच्ने गाउने हो । त्यसैले, तराईका नटुवा र पहाडका वादी मनुस्मृतिमा उल्लेख गरिएकै नट हुन् कि होइनन्, खोज हुनु जरुरी छ । नट र वादी दुवै दलित समुदायमा पर्छन् । (रसाइली २०७६ : ६२)

नेपालमा बसोबास गर्ने नेटुवा समुदायको इतिहास सयौँ वर्ष लामो रहेको बुझिन्छ । तर नेपालमा लिखित रूपमा उनीहरूको बसोबास र इतिहासबारे कतै कुनै प्रमाण वा सूत्र भेटिएको छैन । यस समुदायको इतिहासबारे बुझ्न त्यसै समुदायका पाको उमेरका र फरक-फरक स्थानमा बसोबास गर्ने व्यक्तिसँग अन्तर्वार्ता गरिएको छ । उनीहरूसँग गरिएको कुराकानीको आधारमा कपिलवस्तु र पर्सा जिल्लाको विभिन्न ठाउँमा बसोबास गर्दै आइरहेका नेटुवा जाति तीन सय वर्षभन्दा बढी समयदेखि त्यस स्थानका बासिन्दा हुन् भनी सहजै बुझ्न सकिन्छ । कपिलवस्तुका मनखेरियाका ७० वर्षीय महेश नेटुवा आफ्नो छ पुस्ता सम्मको नाम समेत बताउन सक्छन्, र ती छ पुस्तादेखि त्यस ठाउँमा बसोबास गर्दै आइरहेका छन् ।

भारतको तुलनामा नेपालका नेटुवाहरू कम फिरन्ते जीवन बाँच्ने गरेको पाइन्छ । एउटा थातथलोलाई आधार बनाएर वरपर जाने गरेकाले उनीहरू पनि जिल्लाका मूल निवासी भएका छन् । गुजाराका निम्ति वर्षको सात आठ महिना जति उनीहरू आफ्नो थातथलो छाडेर अन्यत्रतिर बसाइँसराइ गर्ने गरेको पाइन्छ । प्राय: वर्षाको मौसमको चार महिना बाहेक उनीहरू आफ्नो थातथलो छाडेर जिल्लाभित्र र बाहिर पनि सपरिवारै “डेरा” लिएर निस्किने र गाउँ-गाउँ डुल्दै कला देखाउँदै गुजारा गर्ने गर्छन् ।[२] वर्षायाम शुरू भएसँगै उनीहरू पुन: आफ्नै थातथलोमा फर्कने गरेको पाइन्छ । यसरी खेती गर्ने कुनै जग्गाजमिन र बास बस्ने घरबस्ती नहुँदा पनि सयौँ वर्षदेखि कलाजीवी र घुमन्ते फिरन्ते जीवन बाँच्दै आएका नेटुवा समुदाय अचेल विभिन्न पेशाबाट गुजारा गर्दै आइरहेका छन् ।

नेपाल र भारतबीच खुला सिमाना भएकोले र उनीहरूको बासस्थान निश्चित नभएको हुनाले उनीहरू प्राय: नेपालबाट भारत र भारतबाट नेपालमा बसाइँसराइ गरिरहेको पनि बुझिन्छ । त्यस्तै, तराईका अन्य जातजाति तथा समुदायजस्तै यस समुदायमा पनि विहेबारी नेपालका विभिन्न जिल्लामा मात्रै होइन भारतका विभिन्न स्थानमा बसोबास गर्ने नेटुवा

[२] स्थायी घर छाडेर सपरिवारै लुगाकपडा, भाँडाकुँडा, बस्तुभाउ आफूहरूसँगै लिई अन्यत्र गाउँठाउँमा गई रुखमुनि वा प्लास्टिकको त्रिपालमुनि बास बस्नुलाई नेटुवा समुदायमा “डेरा” भन्ने गरिन्छ ।

जातिमा पहिलेदेखि नै हुने गरेको पाइन्छ । दलित समुदायको लागि भारत सरकारले आवास लगायत खाद्य सुरक्षा सम्बन्धी कार्यक्रम ल्याउँदा नेपालबाट धेरै नेटुवा समुदाय बसाइँसराइ गरी उतै गएको र स्थायी बसोबास गर्न थालेका छन् । यसले गर्दा नेपालमा नेटुवा जातिको जनसंख्या निकै न्यून हुन गएको अनुमान गर्न सकिन्छ ।

सन् १८७१ मा ब्रिटिश शासकहरूद्वारा "आपराधिक कबिला कानून" लागू गरे पश्चात् नेटुवा लगायत अन्य घुमन्ते जाति तथा समुदायमाथि निकै हदसम्म सीमान्तकृत भएका थिए (देवी सन् २०१२ : ११) । उनीहरूले नजिकका प्रहरी चौकीमा दैनिक हाजिरी लगाउनुपर्ने, कतै हिँडडुल गर्नु पर्दा घाँटीमा फलामको नालमा बाँधिएको परिचयपत्र झुण्डयाउनुपर्ने बाध्यात्मक व्यवस्थाको सामना गर्नुपऱ्यो । त्यस कानूनले ती समग्र घुमन्ते समुदायलाई नै एउटा अपराधी समुदायको रूपमा पहिचान गराइदियो । यसले गर्दा उनीहरू जोकोहीले कुनै अपराध गरे पनि प्रहरी र समाजबाट सबैभन्दा पहिले उनीहरूलाई नै समात्ने र दण्डित गर्ने कार्य गरिन्थ्यो (लाइभ हिन्दुस्तान टीम सन् २०१०) ।[३] नेपालमा पनि अछूतहरूलाई अपराधीको रूपमा हेर्ने र अरूलाई दण्डित गर्ने काममा लगाउने चलन थियो । त्यसैको एक उदाहरण हो नेटुवा समुदायलाई पनि अपराधीको रूपमा हेर्ने अन्य जाति र शासकहरूको नजरिया ।

भारतमा ब्रिटिश शासकहरूले जुझारु स्वभावका नटहरूमाथि नियन्त्रण कायम गर्न र उनीहरूको प्रतिरोधलाई निस्तेज पार्न उनीहरूलाई अपराधीको श्रेणीमा पुऱ्याएका थिए । लामो समयदेखि राज्यले लगाएका प्रतिबन्ध र हिन्दू धार्मिक मूल्य मान्यतामा आधारित शासनले उनीहरूको जीवन र जीवन गुजारा गर्ने पेशा सहज भएको छैन । त्यस पछिको कालखण्डमा उनीहरूले बसाइँसराइमा, घुमन्ते जीवनमा र नेपाल-भारतमा आतेजाते गर्नमा निकै कठिनाइको सामना गर्नुपऱ्यो । त्यसको प्रत्यक्ष प्रभाव नेपाल र भारतको खुला सिमाना, एकआपसमा हुने वैवाहिक सम्बन्धले नेपालमा बसोबास गर्ने नेटुवा समुदायप्रति समाजमा नकारात्मक छबि छ । जस्तै, तराईमा बस्ने अन्य जातजाति र समुदायमा जस्तै नेपाल र भारतका नेटुवा समुदायबीच बिहेबारी हुने गर्दछ । भारतबाट नेपालमा भित्रिने, विशेष गरी बुहारीहरूले, भारतमा नेटुवा समुदायप्रति गर्ने जस्तै नराम्रो व्यवहार यहाँ पनि

[३] कपिलवस्तु जिल्ला, मायादेवी गाउँपालिका, वडा नं. २, मनखोरिया बस्ने महेश नेटुवाको अनुभव छ : "समाजका ठूलाबडाले बनाएको जातीय विभाजन र नियम पालन गर्नैपर्ने हाम्रो नियति बनेको छ । त्यसको दायाँबायाँ केही गऱ्यो वा चल्यो भने सामाजिक दण्डको भागिदार बन्नुपर्ने व्यवस्था अझै छ । हामीले पालेको कुखुरा बाख्रा कसैको घर, खेत वा बालीमा पस्यो भने हामीले गाली बेइज्जतीसँगै आर्थिक दण्ड भोग्नुपर्दछ । गाउँमा वा आसपासको समेत गाउँमा कुनै चोरीको घटना भयो भने सबैभन्दा पहिला हाम्रै बिरादरीकालाई समात्न पुग्छन् । हाम्रो कुनै गल्ती नहुँदा पनि धेरै पटक कुटपीट भएका छौँ । नेटुवाको घरमा साउन १४, २०७५ मा गरिएको कुराकानी ।

गरेको बताउँछन् । फलस्वरूप आजसम्म पनि नेटुवा लगायत अन्य घुमन्ते जाति भनी चिनिनेहरूलाई समाजको हेर्ने दृष्टिकोणमा खासै फरक नआएको र अहिले पनि पूर्वाग्रही भएर व्यवहार गर्ने गरेको त्यस समाजका अगुवाहरू बताउँछन् ।

कपिलवस्तु, अभिराँव बस्ने एकजना सामाजिक अधिकारकर्मी बेलाल अहमद मुसलमानका अनुसार नेटुवाहरू अति गरिब छन्, शिक्षाबाट टाढा भएकाले अशिक्षित छन् र यस समुदायप्रति समाजको दृष्टिकोण राम्रो छैन, हेयको दृष्टिले अझै पनि हेर्ने गर्छन् । उनीहरू समाजका अन्य शिक्षित र अशिक्षित सबै वर्गबाट उपेक्षित र अपहेलित छन् । उनीहरू अन्य समाजको नजरमा मुख्यतः मगन्ते, फिरन्ते, जहीँ त्यहीँ साँझ-बिहान जीवन बिताउने, स्थिर जीवन वा बासस्थान नभएको समुदायको रूपमा चिनिन्छन् । उनीहरू खाने पिउनेदेखि लिएर बास बस्ने समेतको समस्याबाट पीडित छन् । उनीहरू यस विरुद्ध दैनिक जीवनमा संघर्षरत छन् नै सामूहिक रूपमा संरचनामा सुधार र परिवर्तनका लागि पनि क्रियाशील छन् ।

## नेटुवा : हिन्दू र मुस्लिम दुवै

नेपालमा १३ ओटा जिल्लामा बसोबास गर्ने नेटुवा जातिको कुल जनसंख्या ३,०६२ रहेको छ । उनीहरू कपिलवस्तु, कञ्चनपुर, बाँके, रुपन्देही, नवलपरासी, पर्सा, काठमाडौँ, ललितपुर, सर्लाही, महोत्तरी, धनुषा सिरहा र ओखलढुंगामा बसोबास गर्दछन् (केतवि सन् २०१२ : १४६) । प्रदेश नं. २ का पाँच जिल्ला र प्रदेश नं. ५ का चार जिल्लामा उनीहरू बढी बसोबास गर्दै आएका छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेटुवाहरू पर्सा जिल्लामा सबैभन्दा बेसी बसोबास गर्दछन् जहाँ ६७० जना नेटुवा छन् । कपिलवस्तु जिल्ला तेस्रो ठूलो स्थानमा पर्दछ जहाँ २०६८ सालमा उनीहरूको जनसंख्या २९१ थियो । २०७५ सालमा कपिलवस्तुमा घरधुरी सर्वेक्षण गर्दा नेटुवाहरूको जम्मा घरधुरी ६७ र कुल जनसंख्या ४०२ रहेको पाइयो । राष्ट्रिय जनगणनाको सात वर्षपछि उनीहरूको जनसंख्या उल्लेख्य रूपमा बढेको देखिन्छ ।

कपिलवस्तु जिल्लामा गरिएको नेटुवा समुदायको शतप्रतिशत घरधुरीको विस्तृत सर्वेक्षण गर्दा उनीहरू हाल छ ओटा विभिन्न गाउँपालिका तथा नगरपालिकामा छरिएर बसोबास गरेको पाइयो ।

कपिलवस्तुमा उनीहरू गाउँ वा टोलको छेउछाउमा एकै ठाउँमा गुजमुजिएर रहेका छन् । पुस्तौँदेखि उनीहरूले सुकुमबासी बस्ती, भग्नावशेष जग्गामा, सडक छेउको ऐलानी जग्गामा र धेरैजसो गाउँका जमिनदारको स्वामित्वमा रहेको जग्गामा घर बनाएका छन् । घर भन्नु पनि नाम मात्रै हो । ती प्राय:कच्ची छन् । उनीहरूका लागि छाप्रो र केही प्लास्टिकको त्रिपाल नै घर थिए । उनीहरूमध्ये ९५ प्रतिशत भूमिहीन छन् । जग्गाजमिन, पक्की घर तथा आय मूलक पेशा नहुँदा उनीहरूको जीवन चरम गरिबीमा बित्दै आएको छ ।

**तालिका १ : कपिलवस्तु जिल्लामा नेटुवा जातिको घरधुरी सहित विस्तृत विवरण**

| गाउँपालिका/नगरपालिका | वडा नं. | गाउँ टोलको नाम | जम्मा घरधुरी संख्या |
|---|---|---|---|
| कृष्णानगर नगरपालिका | ९ | बहादुरगंज | ४ |
| महाराजगंज नगरपालिका | ६ | भलवारी | १ |
| | | गैडहवा | ५ |
| मायादेवी गाउँपालिका | २ | अभिराव | ५ |
| | | भैसकुन्डा | १० |
| | | मनखोरिया | ३ |
| | ३ | फुलिका | १ |
| शिवराज नगरपालिका | ८ | बिशुनपुर | ८ |
| शुद्धोदन गाउँपालिका | ३ | असुरैना | ९ |
| | | असुरैना झरुवा चोक | ४ |
| | ९ | प्रगतिनगर | १४ |
| यशोधरा गाउँपालिका | १ | पकडी | १ |
| | ३ | बसन्तपुर पूर्व | २ |
| **जम्मा घरधुरी** | | | **६७** |

नेपाल र भारतमा बस्ने नेटुवाहरू एकै धर्मावलम्बीमा सीमित छैनन् । उनीहरू कतै हिन्दू धर्मावलम्बी छन् कतै इस्लाम धर्मावलम्बी । यस घरधुरी सर्वेक्षणबाट थाहा भए अनुसार कपिलवस्तुमा बसोबास गर्ने सबै नेटुवाहरू हिन्दू धर्म मान्ने गर्छन् । तर पर्सा जिल्लाको वीरगंज महानगरपालिका वडा नं. २९ रतनपुर भन्ने गाउँमा लगभग ४० घरधुरी बसोबास गर्ने नेटुवाहरू मुस्लिम समुदायका रहेका छन् जो इस्लाम धर्म मान्ने गर्छन् । पर्साकै परवानीपुर, जीतपुर, टेढा, हरदासपुर, ईंटैली, हरपुर र टेराढोका गाउँमा समेत इस्लाम धर्म मान्ने नेटुवाहरू बसोबास गर्छन् । राष्ट्रिय जनगणना २०६८ मा हिन्दू र मुस्लिम दुवै धर्म मान्ने नेटुवा जातिलाई एकै ठाउँमा उल्लेख गरिएको छ ।

पर्साको रतनपुर गाउँमा बस्ने वर्ष ५६ का हारुन मिया नेटुवाका अनुसार पर्सा जिल्लामै बसोबास गर्ने नेटुवा जाति एउटै भए पनि धर्म फरक-फरक छ । फरक धर्म बीचका नेटुवा

जातिको पेशा, व्यवसाय, संस्कृति, रहनसहन सबै फरक-फरक देखिन्छ ।[४] नेपालमा नेटुवा जातिभित्र ती दुवै धर्म मान्नेहरू बीचको सम्बन्ध, उनीहरूको इतिहास दुवै बीचको समानता असमानता र धर्म अनुसारको वास्तविक जनसंख्याबारे एउटा छुट्टै अध्ययन गर्नुपर्ने देखिन्छ । इस्लाम धर्म मान्ने नेटुवाहरूले इस्लाम धर्म मान्नेहरूबाट छुवाछूतजस्तो भेदभाव भोगेका छैनन् । इस्लाम धर्म भित्रका विभिन्न जातजाति र समुदायले अल्लाहलाई मान्छन् र निराकारलाई पूजा गर्छन् । नमाज पढ्न वा मस्जिदभित्र प्रवेश गर्न कहीँकतै रोकतोक छैन ।

हिन्दू धर्म मान्ने नेटुवाहरू दलितभित्र सूचीकृत छन् । उनीहरूले जातीय विभेद र छुवाछूतको चरम पीडा भोगिरहेका छन् । हिन्दू धर्म मान्ने नेटुवा समुदायलाई हिन्दू वर्णव्यवस्थामा आधारित जाति संरचनाभित्र दलित समुदायभित्र पारिएको छ । यसरी हिन्दू वर्णव्यवस्था अनुसार जाति विभाजन भर्टिकल (ठाडो) मा विभाजित छ र नेटुवा समुदाय सबैभन्दा तल पुछारमा राखिएको देखिन्छ । उनीहरूको सामाजिक हैसियत, आर्थिक अवस्था, शैक्षिक अवस्था, राजनीतिक पहुँच समेतको अवस्थाबारे गरिएको सूक्ष्म अध्ययनले उनीहरू समाजमा अन्य जातजाति र समुदायको तुलनामा पुछारमै रहेका छन् ।

कपिलवस्तु अभिराँव बस्ने वर्ष ५० का प्रह्लाद नेटुवाको भनाइ छ :

> हाम्रो गाउँमा नेटुवा समुदायले अन्य कुनै पनि जातिका मानिसलाई पानी खान दियो भने उनीहरू खाँदैनन्, छूत लाग्छ भन्छन् । उनीहरूले दलित समुदायभित्र पनि हामीलाई एकदमै तल्लो दर्जामा राखेका छन् र त्यसरी नै व्यवहार गर्छन् । दलितभित्र पनि अन्य कुनै जातिका मानिसले समेत हामीले छोएको पानी खाँदैनन् । हिन्दू धर्म मान्दै आए तापनि कुनै फरक जाति वा समाजसँग मिलेर हिन्दूहरूले मनाउने गरेको कुनै पनि चाडबाड सँगसँगै मनाउँदैनौँ । हाम्रो नजिक कोही पनि आउन चाहँदैन । गाउँमा विवाह, भोज वा अन्य कुनै संस्कार हुँदा एउटा जातिले अर्को जाति वा समाजलाई निम्तो दिने, बोलाउने, सहभागी गराउने चलन छ । तर नेटुवा समुदायलाई कोही पनि त्यस्ता उत्सवमा बोलाउँदैनन् । न हामीलाई कसैले बोलाउँछ, न त हामीले नै कसैलाई आजसम्म आफ्नो कुनै संस्कार वा भोजमा बोलाएका छौँ । हामीलाई निकै तल्लो जातिको रूपमा हेर्ने गरेकोले यसो भएको हो ।"

पूर्वी नेपालका सर्लाही, महोत्तरी, धनुषा र सिरहा जिल्लामा बसोबास गर्ने तथा हिन्दू धर्म मान्ने नेटुवा जातिमा नेटुवा नाच प्रचलित छ । विशेष गरी मैथली, भोजपुरी, ठेठी र बजिका

[४] पर्सा जिल्ला, वीरगंज महानगरपालिका, वडा नं. २९ रतनपुर बस्ने वर्ष ५६ का हारुन मिया नेटुवासँग निजको घरमा कात्तिक १४, २०७५ मा गरिएको कुराकानी ।

भाषा बोल्ने मधेसी समुदायमा मनाइने छठ पर्वमा भाकलको रूपमा नेटुवा नाच नचाउने चलन छ । भाकल मानेको परिवारले छठ पूजा गर्ने पोखरी तथा नदीको घाटमा नेटुवा समुदायका महिला तथा पुरुषलाई बोलाई नेटुवा नाच नचाउने र त्यस बापत उनीहरूलाई अनाज तथा नगद दिने चलन छ । तर पश्चिम नेपालमा बसोबास गर्ने नेटुवा समुदायमा यस्तो नाच चलनमा रहेको पाइँदैन । नेटुवा नाचबारे पूर्वी नेपालमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं. २३ पर्सौनी बस्ने वर्ष ४२ का नारायन बढई कठपुतलीवाला (नेटुवा) ले आफ्नो अनुभव बताए :

> समाजमा अहिले पनि जातीय विभेद कायमै छ । हामी हिन्दू धर्मका सबै पर्व र त्योहार मान्ने गर्छौं । हाम्रो यता छठ पर्व मनाउँछौँ तर छठ मनाउने कर्ममा हाम्रो समुदायले पूजा गर्ने र अन्य समुदायले पूजा गर्ने पोखरी र खोलामा घाट फरक-फरक गरिएको हुन्छ । अन्य समुदायले हामीसँग छुवाछूत मनाउँछन् तर भाकलमा हामीलाई नाच्न लगाउँछन्, त्यसमा छूत हुँदैन रे । अन्य समुदायले हामीलाई विवाह वा अन्य भोजभतेरमा बोलाउँदैनन्, कहिलेकाहीँ बोलाएमा हामी जाँदा भन्ने गर्छन्, *कौन आया रे ये देखो सब नेटुवा आया, उसको उधर बिठाके खाना खिला दो* (को आयो, हेर त, यी नेटुवाहरू आएका छन् उनीहरूलाई ऊ पर बसालेर खाना खुवाइ देऊ) । हामीलाई बाहिरै बसालेर खाना खुवाइन्छ । यो हाम्रो लागि एकदमै अपहेलित शब्द हुन् तर पनि हामी सुन्दै आएका छौँ ।[५]

धर्मको नाममा गरिने भेदभावसँग गरिबी पनि जोडिएको छ । गरिबहरू तल्लो जातका हुनु र तल्लो जातका गरिब हुनुले विभेदलाई गहिऱ्याएको छ । भूसम्पत्तिमा कसको कत्तिको स्वामित्व छ तथ्य हेर्दा जातजाति, गरिबी र विभेदको सम्बन्ध पनि देखिन्छ ।

## भू-स्वामित्व र नेटुवाहरूको जीविका

कपिलवस्तु जिल्लामा गरिएको घरधुरी सर्वेक्षण अनुसार मात्र ८.९५ प्रतिशतसँग घर बनाउन पुग्ने मात्र जग्गाको स्वामित्व छ । खेतीपाती गर्ने जग्गा जमिनको स्वामित्व भने शून्य रहेको छ (हेर्नुहोस्, तालिका २) । कुनै जमानामा कला बेच्दै स्वतन्त्र जीवन बाँच्ने नेटुवाहरू अचेल गाँस, बास र कपासका लागि मालिकको शरणमा परेका छन् । उनीहरूका घरबार, मजदुरी र जीविका जमिनदारहरूको किलामा बाँधिएका छन् र उनीहरूको सम्मान र स्वतन्त्रता निकै खुम्चिएको छ । उनीहरूले घरमा बिहेबारी वा स्वास्थ्य उपचार वा अन्य

[५] नारायन बढई कठपुतलीवाला (नेटुवा) सँग टेलिफोनमा कात्तिक १४, २०७५ मा गरिएको कुराकानी ।

कुनै बेला आवश्यक परेमा जमिनदारबाटै ऋण लिनुपर्ने अवस्था छ। मासिक १० प्रतिशत ब्याजमा समेत पैसा लिएर काम चलाएका छन्।

**तालिका २ : कपिलवस्तुमा गरिएको घरधुरी सर्वेक्षणबाट प्राप्त नेटुवा जातिको प्रमुख पेशा र व्यवसायको अवस्था**

| पेशा/ व्यवसाय | प्रमुख पेशा | प्रतिशत |
|---|---|---|
| कृषि मजदुरी | २५ | ११.४ |
| भिक्षा माग्ने | १७५ | ८०.३ |
| सर्प देखाउने र भिक्षा माग्ने | ५ | २.३ |
| बाजा बजाउने | ७ | ३.२ |
| मह बेच्ने | ३ | १.४ |
| गैर कृषि मजदुरी | १ | ०.५ |
| वैदेशिक रोजगार | २ | ०.९ |
| **जम्मा** | **२१८** | **१००.०** |

कपिलवस्तु मायादेवी गाउँपालिका-२, अभिराँवमा पाँच घरधुरीका ४९ जना परिवार एक कट्ठा जतिको जग्गामा नाम मात्रको घर बनाएर बसोबास गर्छन्। उनीहरूमध्ये धेरैजसो अभिराँव गाउँका जमिनदार असरार मुसलमानको जग्गामा बस्दै आएका छन्। शुद्धोदन गाउँपालिका वडा नं. ९ असुरैनामा नौ घरधुरीका ४८ जना परिवार त्यसै गाउँका जमिनदार बिन्दराज बरईको जग्गामा बस्ने गर्छन्। शिवराज नगरपालिका ८ बिशुनपुरमा आठ घरधुरीका ३९ जना परिवार त्यसै गाउँका जमिनदार नतीम खानको जग्गामा चार पाँच पुस्तादेखि बस्दै आएका छन्।

उनीहरूको भनाइ अनुसार पुस्तौँदेखि त्यस जग्गामा घर बनाएर बसे पनि जग्गा जमिनदारहरूकै नाममा छ। उनीहरूले पुस्तौँदेखि जमिनदारहरूका सेवा गर्दै आइरहेका छन्। उनीहरू सपरिवारै बिहानदेखि बेलुकासम्म मालिकहरूको खेतीपाती र घरधन्धाको काममा पसिना बगाउँछन्। त्यस बापत उनीहरूले चलनचल्तीको भन्दा आधा ज्याला मात्रै पाउँछन्। जमिनदारको घरमा काम हुन्जेल उनीहरूले अर्काको घरमा मजदुरी गर्न पाउँदैनन्। उनीहरूले धेरै पटक जग्गा आफ्नो नाममा गरिदिन बिन्ती गरे पनि जमिनदारहरूले स्वीकारेका छैनन्। जमिनदारहरू उनीहरूलाई आफ्नो खेतीपाती गर्न, गाईभैँसी चराउन मात्रै होइन, आफ्नो शरीर, सत्ता र सम्पत्तिको सुरक्षाका लागि उपयोग गर्छन्। यस क्रममा उनीहरूलाई कतै झगडा वा मारपीट गर्न परेको खण्डमा लठैत (लठ्ठी चलाएर मारपीट गर्ने) को रूपमा प्रयोग गरिन्छ।

आफ्नो स्वामित्वको जग्गाजमिन नभएकोले र आर्थिक रूपमा आफूहरू निकै कमजोर रहेकोले जीवन गुजारा गर्न सक्ने हद सम्मको घर बनाएर बसिरहेको बताउँछन् कपिलवस्तु असुरैनाका काशीराम नेटुवा :

> आफूहरू पाँच पुस्तादेखि गाउँकै मालिक (जमिनदार) को जग्गामा छाप्रोमा दिन गुजारा गरिरहेका छौँ । मालिकले न त हाम्रो नाममा जग्गा पास गर्नुभएको छ न त पक्की घर बनाउने अनुमति नै । अन्त जग्गा किनेर घर बनाउने हैसियत छैन । यसै छाप्रोमा आठ जनाको परिवार बस्दै आइरहेका छौँ । हाम्रो बाच्ने आधार नै भिक्षा मागेर खाने हो । पुस्तौँदेखि हामी भिक्षा माग्दै आइरहेका छौँ । त्यसै गरी सर्प समात्ने र गाउँ-गाउँमा सर्प नचाएर भिक्षा माग्ने र वन वरपर गएर बनमाहुरीको मह निकाल्ने र बेच्ने नै हाम्रो मुख्य पेशा हो । मालिकको जग्गामा घर बनाएर बसे बापत हामी सबै परिवार उनको घरमा काम गर्नुपर्दछ ।"

काशीराम नेटुवाको आठ जनाको परिवारले गाउँको जमिनदारको जग्गामा घर बनाएर बसे बापत त्यही जमिनदारको घरमा बँधुवा मजदुरको रूपमा श्रम गरिरहेका छन् । उनीहरू कृषि कार्यको बेला सपरिवार नै जमिनदारको खेतमा काम गर्न जान्छन् । त्यस बापत जमिनदारबाट चलनचल्तीभन्दा आधा ज्यालादारी पाउँछन् । जमिनदारको जग्गामा बसेको कारण उनीहरूले आफू उचित ज्याला पाउनुपर्ने माग समेत कहिले गरेका छैनन् । पुरुषहरू प्राय: जमिनदारको घरबाहिर खेतीपातीको काम गर्छन् भने महिला र साना बच्चाहरू घर भित्रका काम अनाज सुकाउने, उठाउने, कुटानी पिसानीको काम गर्ने, गाईभैँसी हेर्ने तथा मलमूत्र सोहोर्ने, साना नानीबाबु हेर्ने, घरको सरसफाइ गर्ने जस्ता काम गर्छन् ।

> हाम्रो बिरादरीका अधिकांश घरपरिवारसँग बस्ने घर छैन, भूमिहीन छन् । जमिनदारकै जग्गामा कैयौँ पुस्तादेखि बसोबास गर्दै आइरहेका छन् । हामीहरूले केही गर्नुपूर्व जमिनदारको स्वीकृति लिनुपर्दछ । यसले गर्दा हामी अझै पनि स्वतन्त्रता पूर्वक आफ्नो कुनै पनि गतिविधि गर्न पाउँदैनौँ । हामी बाध्य भएर आधा ज्यालादारीमा जमिनदारको घरमा काम गर्छौ । कहीँ कतै जानुपर्‍यो भने जमिनदारको स्वीकृति लिनुपर्दछ । उनीहरूको घरमा काम नभएका बेला मात्र हामी यताउति जान पाउँछौँ ।

कपिलवस्तुको मायादेवी गाउँपालिका-२ मनखोरिया बस्ने नेतराम नेटुवाको अनुभूतिले बँधुवा जीवनको तीतोपना व्यक्त गर्छ । त्यस्तै, बँधुवा मजदुर भएर जमिनदारको घरमा काम गर्दा महिलाहरू यौन दुर्व्यवहार तथा यौन शोषणको शिकार धेरै पटक हुनुपरेको अवस्था

छ । तर आश्रित जीवनका कारण त्यस विरुद्ध कहिले पनि आफू र आफ्नो समुदायले आवाज उठाउन नसकेको नेटुवा समुदायका अगुवा नेतराम नेटुवाको आत्ममूल्यांकन छ ।

कपिलवस्तु अभिराव बस्ने अन्जाने नेटुवाको भनाइ छ :

> हाम्रो बुबाबाजेकै पालादेखि खेतीबारी छैन । यहाँसम्म कि यो हाम्रो घर पनि गाउँकै एक जना जमिनदारको हो । हाम्रा पुर्खाले रुखमुनि पाल तानेर आफ्नो जीवन गुजारा गरेर बिताए । हाम्रा बुबाबाजेले उनीहरू कहाँ काम गर्दै काम नभएको बेला भिख माग्दै जीविका चलाए । हाम्रा पुर्खाले सर्प, बनबिरालो, लोखर्के, गोही, कछुवाको सिकार गर्ने समात्ने काम गर्थे । समातेर ल्याएका जनावरको मासु खाने र तिनको छाला बिक्री गर्ने काम गर्दै आइरहेका थियौँ । हामी पनि त्यही गर्दै आइरहेका थियौँ, जीवन गुजारा त्यसरी नै चलेको थियो । तर अहिले यो सबै समात्न र सिकार खेल्न निकै कडाइ भएको छ । यसले गर्दा हामीलाई समस्या भएको छ ।

नेटुवा जातिसँग गाउँघरमा निस्किने गोमन र अन्य विषालु सर्पलाई समात्ने कला छ । गाउँलेहरूले उनीहरूलाई घरबाटै बोलाएर लिएर जान्छन् र उनीहरूले सर्प समाते बापत केही रकम वा जौरा (वर्ष दिनमा दुई पटक अनाज गहुँ र धान) दिने चलन छ । यस समुदायमा बुढापाकाहरू गाउँ-गाउँ डुल्दै सर्प नचाएर भिक्षा माग्ने चलन धेरै पुरानो हो । सर्प समात्ने र नचाउने पुरानो पेशा जोखिमपूर्ण छ ।

सर्प समात्ने पेशामा लागेका धेरै जनाले ज्यान गुमाइसकेका छन् । मह काढ्न जाँदा माहुरीको टोकाइबाट पनि मृत्यु भएको छ । यस्ता जोखिमपूर्ण काममा लाग्न उनीहरूले कुनै प्रकारको सर्प समात्ने तालिम लिएको हुँदैन । बुबाबाजेले गर्दै आइरहेको पेशालाई हेरेको भरमा सर्प समात्ने काम अहिलेको पुस्ताले साहस र हिम्मतको बलमा गर्छन् । अहिलेको समयमा आएर त्यो पेशा पनि कम भइसकेको छ । कपिलवस्तु मनखोरियाका नेतराम नेटुवाको अनुभवले यस्तै भन्छ ।

आफ्नो ज्यान गुमाउने त्रासले सर्प समात्ने र नचाउने पेशाप्रति बिस्तारै आकर्षण कम भएको छ । यस पेशाबाट आउने रकम वा जौरामा पनि समस्या आउन थालेकाले विकर्षण भएको हुन सक्छ । त्यस्तै, राज्यको कडा नीति र निगरानीले गर्दा मह काढ्ने र बेच्ने उनीहरूको पुरानो पेशा पनि बन्द हुने अवस्थामा छ । नेतराम नेटुवा थप्छन् :

> हाम्रो जीविकाको प्रमुख पेशा भनेको भिक्षा माग्ने मह निकालेर बेच्ने र सर्प समात्ने हो । भिक्षा माग्न पनि नपाउने भन्दै पुरानो रोजीरोटीका पेशालाई राज्यले निकै कडाइ गर्न थालेको छ । वन माहुरीको मह निकाल्न सरकारले प्रतिबन्ध लगाएको

छ । सामुदायिक वनको व्यवस्थापनसँगै हामी वनजंगलमा पस्नै पाउँदैनौँ । हाम्रो जीविकाको प्रमुख आयआर्जन गर्ने स्रोत नै खोसियो । यो हाम्रो जीविकाको वैकल्पिक प्रमुख पेशा थियो । जनावरहरूको शिकार गर्ने र मासु खाने र त्यसको छाला बेच्ने कामलाई पनि राज्यद्वारा गैरकानूनी मानिएको छ । भिक्षा माग्ने, सर्प समात्ने र मह काढ्ने प्रमुख पेशा विभिन्न समस्याले गर्दा संकटमा छ । जीविकाको अन्य कुनै वैकल्पिक स्रोत तथा साधन पनि छैन । अहिले हाम्रो रोजीरोटी संकटमा परेको छ । अन्य केही व्यापार व्यवसायका लागि हामीसँग पूँजी नै छैन । केही सीप नहुँदा मेरो समुदायका धेरैजसो मानिस बाध्य भएर भिक्षा मागेरै भए पनि गुजारा गर्दैछन् ।

## भिख माग्ने पेशामा फेरबदल

अनेक कारणले जमिनदारहरूप्रति आश्रित नेटुवाहरूको जीवनमा धेरै छटपटी र केही फेरबदल देखिन थालेको छ । सामाजिक संरचना र राज्यको नीतिका कारण उनीहरूको पेशा र जीवनमा परिवर्तन आएको देख्न सकिन्छ । जमिनदारको खेत सपार्ने, सर्प समात्ने, जनावर समातेर खाने र छाला बेच्ने तथा भिख माग्ने पेशामा विस्तारै रूपान्तरण हुँदैछ, जसको परिणाम नेटुवाहरूको गुजारामा देखिन्छ ।

हुन त कपिलवस्तुको घरधुरी सर्वेक्षणले देखाएको छ—७९.५ प्रतिशत जनसंख्याको मुख्य पेशा भिक्षाटन हो । कलाबाजी देखाएर अन्न, खाना र पैसा माग्ने चलन पुरानै हो । गाउँघरमा आउने सर्प समाते बापत रकम वा जौरा दिने प्रचलन पनि नयाँ होइन । आफ्नो पुरानो कला र पेशाबाट हुने जीविकामा संकट आइलागेपछि जमिनदारहरूको खेतीपातीमा लागेका नेटुवाहरू चरम गरिबीमा बाँच्दै आएका छन् । उनीहरूका लागि कुनै न कुनै रूपमा भिख मागेर पेट भर्ने बाहेक अर्को उपाय नै थिएन ।

पुस्तौँदेखि चलिआएको भिक्षा माग्ने काम हेर्दा सजिलो लाग्न सक्छ तर यो कामसँग जोडिएको अपमान धेरैका लागि पीडादायी छ । भिक्षा माग्न जाँदा अरूको गाली सुन्नुपर्ने, अपशब्द सुन्नुपर्ने, बेइज्जती हुने भए तापनि उनीहरूले यो पेशालाई छाड्न सकेका छैनन् । उनीहरूमध्ये केही त यही नै आफ्नो जाति र समाजको जीविका चलाउने प्रमुख पेशा हो भन्ने ठान्दछन् । उनीहरू प्रतिप्रश्न गर्छन्, अरू जातिका पनि आ-आफ्नै जातीय पेशा हुन्छन्, के उनीहरूले त्यसलाई छाडेका छन् त ?

भैसकुण्डा, कपिलवस्तुकी बृद्धा इमिरती नेटुवा भिक्षाटनमा पाइने अपमानको नालीबेली सुनाउँछिन् । सात दशक पार गरिसकेकी इमिरती आफ्नो विगत निकै कष्टकर रूपले बितेको सम्झँदै सुनाउँछिन् :

> २० वर्ष अगाडिसम्म हाम्रो गाउँ वा छिमेकी गाउँमा कसैको घरमा विहेबारी, छटीबरही, मुण्डन वा अन्य कुनै प्रयोजनमा भोजभतेर हुन्थ्यो भने हामी बिरादरी (जाति) का मानिस हुल बाँधेर जान्थ्यो । पहिले पाहुनालाई पतरी (पातको थाल) मा खाना खुवाइन्थ्यो । पाहुनाले खाएपछि पतरीमा बचेको जूठो भात संकलन गर्न हामी झम्टिन्थ्यौँ । कति पटक त हामीबीच लडाइँ पनि हुन्थ्यो, त्यो फ्यालेको जूठो खानाका लागि खोसाखोस हुन्थ्यो । हामी मात्रै किन, हामीजस्तै टाढा बसेर कुकुरले पनि खाना पर्खेर बस्थ्यो । त्यो कुकुरसँग पनि हामी लडाइँ लडेर त्यो जूठो खाना आफ्नो कब्जामा गर्नु पर्थ्यो । त्यसरी संकलन गरी घरमा ल्याएको त्यो खाना सपरिवार खान्थ्यौँ । बचेको भाग हामीले सुकाएर केही दिनसम्म भूटभाट पारेर खान्थ्यौँ, साउन-भदौ वर्षाको बेला त्यसैलाई फेरि पकाएर खान्थ्यौँ ।

मनखोरीया गाउँ बस्ने महेश नेटुवाले पनि यही कुरामा बल दिँदै भने :

> यो रहरले होइन हाम्रो बाध्यता थियो । भोकको अगाडि कसैको केही चल्दैन । के गर्ने, भोको पेटले यो जूठो भात हो भनी हेर्दैन नि । त्यो हाम्रो खुशी वा रहरले होइन, बाध्यता थियो । वर्षको आठ महिना त हामी सपरिवार डेरा लिएर अर्को अर्को गाउँमा बास बस्दै डुल्दै भिक्षा माग्दै खाँदै आफ्नो दिन गुजारा गर्थ्यौँ । तर हामीलाई वर्षायाममा खानाका लागि मुख्य समस्या हुन्थ्यो र त्यो समयमा यसरी जूठो भात भए पनि पेट पाल्न त हुन्थ्यो ।

यस्तै समस्या भोगेर हुर्केका हुन् नेटुवा समुदायका अगुवा नेतराम नेटुवा । नेतरामले आफ्नो पुख्यौंली पेशामा आएको परिवर्तनबारे आफ्नै कथाबाट रेखांकन गरेका छन् । आफ्नो बुबाले भिक्षाटन गर्ने कामबाट ब्याण्ड बाजा बजाउने कामतिर लागेको कथा सुनाउँदै जीविकामा आएको फेरबदलतिर संकेत गरेका छन् । उनी आफूले २० वर्षदेखि ब्याण्ड बाजा बजाउने काम गर्दै जीविका र सम्मान कमाएको तथ्य राखेर अब पुख्यौंली पेशामा धेरै परिवर्तन आएको सत्य अनुभूत गराउन खोजेका छन् । उनकै शब्दमा उनको रूपान्तरणको कथा :

> सानो उमेरमा म बुबासँगै भिक्षाटन गर्न जान्थेँ । वर्षा याममा मात्रै हामी सबै परिवार आफ्नो घरमा बास बस्थ्यौँ । बाँकी समय महिनौँ दिनसम्म हामी यो वा त्यो गाउँ डुलेर भिक्षाटन गरी नै जीविका चलाउँथ्यौँ । भारतमा बस्ने केही नातेदारको सहयोगमा बुबाले ब्याण्ड बाजा बजाउने कामको शुरूआत गर्नुभयो । बिहे, भोजभतेर लगायत अन्य मांगलिक समारोहमा ब्याण्ड बाजा बजाउन नेपाल

लगायत भारतका विभिन्न ठाउँमा पनि पुग्नुहुन्थ्यो । तर त्यो पेशाले परिवारको पेट पाल्न सम्भव भएको थिएन, त्यसैले हामी भिक्षाटन गर्न जान्थ्यौँ ।

बुबापछि घरको जिम्मेवारी मेरो काँधमा आयो । त्यस बेलासम्म पनि हाम्रो जीविका भिक्षाटनबाटै चल्थ्यो । लगभग म २५ वर्षको उमेरसम्म भिक्षाटन गर्ने, बेलामौकामा ब्याण्ड बाजा बजाउने काम गरी आफ्नो र परिवारको जीविका चलाएँ । समाजमा अन्य व्यक्तिको संगतले, अरू सँगको उठबसले गर्दा मेरो विचारमा बिस्तारै परिवर्तन भयो । बिस्तारै मैले भिक्षाटन गर्ने काम छोडेँ र ब्याण्ड बाजा नै बजाएर अबको आफ्नो पेट भर्नुपर्दछ भनी ठानेँ । यसैलाई अलि राम्रो र व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ भन्ने विचार मेरो मनमा आयो । यसको लागि आर्थिक जोहो गर्नु ठूलो चुनौती थियो । केही नातेदार भारतमा छन् । उनीहरूको आर्थिक मद्दतले यो पेशालाई व्यावसायिक रूपमा रूपान्तरण गर्न सफल भएँ ।

शुरूको दिनमा आफ्नो बिरादरीका आफ्नै उमेरका केही युवालाई ब्याण्ड बाजा समूहमा आबद्ध गराएँ । ब्याण्ड बाजा बजाएर समाजका अन्य व्यक्तिसँग संगत गर्ने अवसर पाएँ । सामाजिक जीवनमा मलाई सम्मान पनि प्राप्त भयो । आफ्ना छोराछोरीलाई पढाउने अवसर पनि पाएँ । एउटा छोरा अहिले वैदेशिक रोजगारको क्रममा कतारमा छ । उसले पनि राम्रै पैसा कमाउँछ । मेरो व्यवसायमा उसले पनि केही आर्थिक सहयोग गरेको छ ।

आगामी दिनमा ब्याण्ड बाजासँगै बिहेबारीमा प्रयोग हुने रथ बनाउने योजनामा छु, लाइट पनि जोड्ने सोचमा छु । यसमा छोराले पनि आर्थिक सहयोग गर्ने भनेको छ । यो पेशालाई नै अझै राम्रो गर्दै लैजाने योजनामा छु । यो पेशाले मेरो बिरादरीमै आफ्नो र परिवारको जीवनमा धेरै सकारात्मक परिवर्तन ल्याएको छ । बिरादरीको नेतृत्वकर्ताको रूपमा सबैले मलाई मान्छन् र सम्मान पनि गर्दछन् । म आफ्नो बिरादरीमा मात्रै नभई गैरबिरादरीबाट पनि सम्मान पाउँछु । गाउँमा अन्यले म र मेरो बिरादरीका अन्य मान्छेसँग गर्ने व्यवहारमा फरक छ । कारण मैले आजको दिनमा अँगालेको पेशा र मेरो आर्थिक हैसियतमा भएको सुधार, मेरो लवाइखवाइ अन्य व्यक्तिसँग गर्ने व्यवहार नै हो ।

आफ्नो र अरूको पेशामा परिवर्तनबारे नेतराम नेटुवा थप्छन् :

अहिलेको समयमा यस समुदायका केही युवापुस्ता गाउँघरमा हुने विवाह वा अन्य समारोहमा बाजा बजाउने पेशातिर आकर्षित भएका छन् । यसबाट वर्षमा केही

> दिन काम पाउने र केही थोरै भए पनि आम्दानी हुन्छ । प्राय: मधेसी समाजमा हुने विवाहमा ब्याण्ड बाजाको नामले चिनिने बाजा बजाउने पेशामा केही संलग्न भए पनि यो मौसमी पेशा रहेको जुन वर्षमा सबै मिलाएर पनि दुई महिना पनि काम पाइँदैन ।

नेतराम नेटुवाको थप भनाइ छ :

> पहिला यस समुदायका मानिसलाई कृषि ज्यालादारीमा पनि कोही राख्दैनथ्यो । हामी त समाजबाट निकै टाढा हुन्थ्यौँ । कुनै किसिमको अन्य समुदायसँग सरोकार हुँदैनथ्यो । केही वर्ष यतादेखि अन्य समुदायका धेरैजसो मजदुर पनि वैदेशिक रोजगारमा जान थाले । त्यसरी गाउँमा कृषि मजदुरको अभाव हुँदा हामीलाई मान्छेहरू बोलाउन थाले । अहिले कोही कोही कृषि मजदुरको रूपमा काम गर्छन् । जसले गर्दा केही मात्रामा भए पनि गाउँमा जीविकाका लागि हामीलाई पुगेको छ । वैदेशिक रोजगारमा जाने त हाम्रो पनि इच्छा छ । गाउँमा अरू समुदायका युवाहरू विदेश गएर राम्रो पैसा कमाएका छन् । तर हामी जान सकेका छैनौँ, हामीसँग पूँजीको अभाव छ । हामीसँग केही धितो राखेर ऋण लिने जग्गा जायदाद केही पनि छैन । हामीलाई कसैले विश्वास पनि गर्दैनन् जसले हामीलाई कसैले विदेश पठाउन लगानी गरोस् ।

यसरी समय अनुसार उनीहरूको पेशामा केही मात्रात्मक परिवर्तन आएको छ । एकतिर उनीहरू आफै सचेत भएर बिरादरीका केही अगुवाले चालेको कदमबाट जूठो भात खाने तथा राति फेरी लगाएर खानेजस्ता काम छाडेका छन् । अर्कोतिर वैदेशिक रोजगारमा अन्य समुदायका मजदुर वर्ग पनि जान थालेको हुनाले उनीहरूले गाउँमै कृषि ज्यालादारीको काम पाएका छन् । यसले समाजमा र अन्य समुदाय सँगको अन्तरक्रिया बढेको देखिन्छ जसले गर्दा समाजमा उनीहरू पनि घुलमिल हुने अवस्थाको शुरूआत भएको छ ।

## भिक्षा र शिक्षा बीचको सम्बन्ध

कपिलवस्तु जिल्लामा गरिएको घरधुरी सर्वेक्षणको तथ्यांक अनुसार नेटुवाहरूको अहिलेको युवा पुस्ता पनि शिक्षाबाट टाढै छ । केही अभिभावकले आफ्ना छोराछोरीलाई स्कूल पठाउने कार्यको शुरूआत गरेका छन् तर अधिकांश बालबालिकाको अझै ठूलो हिस्सा अहिले पनि भिक्षा माग्ने कार्यमै संलग्न छन् ।

**तालिका ३ : कपिलवस्तुमा नेटुवा जातिमा स्कूल जाने उमेरका बालबालिकाको अवस्था**

| स्कूल जाने उमेर समूह | जनसंख्या | स्कूल गइरहेको | स्कूल छाडेको | कहिले नगएको |
|---|---|---|---|---|
| ३–५ | ४२ | ११ | ० | ३१ |
| ६–८ | ४७ | ३८ | १ | ८ |
| ९–११ | ३१ | २३ | २ | ६ |
| १२–१४ | ३३ | १८ | ५ | १० |
| १५–१७ | १६ | ३ | ५ | ८ |
| १८–२० | २० | १ | ८ | ११ |
| **जम्मा** | **१८९** | **९४** | **२१** | **७४** |
| **प्रतिशत (%)** | | **४९.७** | **११.१** | **३९.२** |

कपिलवस्तु जिल्लामा गरिएको घरधुरी सर्वेक्षणको तथ्यांक हेर्दा स्कूल जाने उमेर समूह ३ देखि २० वर्षका बालबालिका ५०.३ प्रतिशत स्कूलको पहुँचभन्दा टाढा रहेका छन् । मात्र ४९.७ प्रतिशत बालबालिका स्कूल जान्छन् । यसको अर्थ ९५ जना स्कूल पहुँच बाहिर छन् र तीमध्ये ४२ जना अर्थात् ४४.२ प्रतिशत बालबालिका भिक्षा माग्ने पेशामा संलग्न छन् ।

कपिलवस्तु, बिशुनपुरकी वर्ष २४ की सरिता नेटुवाको अनुभव यस्तो छ । उनी भन्छिन् :

> मेरो सानै उमेरमा विवाह भएको थियो । बिहे गरेर १४ वर्षको उमेरमा यस गाउँमा आएको हो । माइती घर रुपन्देहीमा विवाह हुनुभन्दा अगाडिदेखि नै भिक्षा माग्ने काम गर्दै आइरहेकी छु । होस सम्हालेदेखि नै भिक्षा माग्दै खाँदै आइरहेकी छु । सानो छँदा मलाई काखीमा च्यापेर भिक्षा माग्न आमा विभिन्न गाउँ-गाउँ जानुहुन्थ्यो । पछि अलि जानकार भएपछि म पनि भिक्षा माग्न जान थालेँ र आज बिहे गरेर आफ्नो ससुरालमा आए पनि त्यही पेशा गरेर जीवन गुजारा गर्दै आइरहेकी छु । म स्कूल कहिले पनि गएकी छैन । अक्षर पनि चिन्दिनँ ।

पेशा परिवर्तन गरी आफ्ना सन्तानलाई शिक्षा दिलाएका नेटुवा अगुवा नेतराम भन्छन्,

> भिक्षाटन गर्न घरबार छाडेर वर्षको आठ महिनासम्म बाहिर बस्दा छोराछोरीको शिक्षादीक्षामा नकारात्मक असर परिरहेको थियो । तबसम्म मैले छोराछारीलाई पढाउनु पर्दछ भनी बुझिसकेको थिएँ । अनि बिस्तारै मैले भिक्षाटन गर्ने काम छोडेँ र उनीहरूलाई स्कूल पठाउन थालेँ । उनीहरू कमाउन सक्ने भएका छन् । मेरो समूहमा बिरादरीका अन्य साथी पनि छन्, तर उनीहरूको जीवनमा मेरो जस्तो परिवर्तन

> आएको छैन । यसका कारण हो, उनीहरूले अझै पनि भिक्षाटनलाई जीविकाको प्रमुख स्रोतको रूपमा अँगालेका छन् । उनीहरू अझै पनि छोराछोरीलाई विद्यालय पठाउनुको साटो भिक्षाटन गर्न पठाउँछन् । हुन त आजको २० वर्ष अगाडि मेरो पनि अवस्था उनीहरूको जस्तै थियो । तर म र मेरो परिवार २० वर्षदेखि कहिले पनि भिक्षाटन गर्न गएको छैन ।

जमिनदारको जग्गामा बस्दै मालिककै घरखेतमा काम गरी आश्रित जीवन बाँचिरहेका नेटुवाहरूमा आफ्ना छोराछोरी स्कूल पठाउने सोच विकास नहुनु अनौठो होइन । केही नेटुवाहरू त केसम्म भन्छन् भने जुन स्कूलमा मालिकका छोराछोरी पढ्छन् त्यो स्कूलमा हाम्रा पनि पढ्ने त कल्पना पनि गर्नुहुन्न ।[६] उनीहरूका धेरैजसो छोराछोरीलाई जमिनदार वा मालिकका सरसफाइदेखि अन्य घरेलु काम गर्न र गाइभैँसीदेखि नानीबाबु हेर्न लगाइन्छन् । त्यसैले स्कूलसम्म उनीहरूको पहुँच हुँदैन र स्कूल उनीहरूसम्म पुग्दैन पनि ।

कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नं. ८, बिशुनपुर गाउँमा आठ घरधुरीमा ३९ जना परिवार संख्या बसोबास गर्छन् । उनीहरू कात्तिकको पहिलो हप्तामा घर छाडेर पूरै परिवार इँटाभट्टामा मजदुरी गर्न जान्छन् र असारमा मात्रै घर फर्कन्छन् । उनीहरूले केही बालबालिकाको नाम गाउँकै श्री बालज्योति माध्यमिक स्कूलमा लेखाएका छन् । तर बुबाआमा ज्यालादारी गर्न जाँदा उनीहरूका छोराछोरी पनि स्कूल छाडेर सँगै जान्छन् र स्कूल जानबाट वञ्चित हुन्छन् ।

कपिलवस्तु बिशुनपुर बस्ने वर्ष ५५ का अन्जाने नेटुवा भन्छन् :

> हामीसँग जीवनयापनका निम्ति केही स्रोतसाधन छैन । हामी इँटाभट्टामा मजदुरी गर्न जान्छौँ । त्यो गाउँबाट निकै टाढा छ । त्यसैले गर्दा हाम्रा बच्चाहरूको स्कूल छुट्छ । अर्को समस्या के भने नेपाली भाषामा पढाएको कुरा हाम्रा बच्चाहरू बुझ्दैनन् । घरमा आफ्नो नेटुवा भाषा बोल्छन् । गाउँमा अरूसँग अवधी भाषा बोल्छन् । उता स्कूलमा नेपाली भाषामा पढाउँछन् । उनीहरू भाषा नबुझेर पनि स्कूल जान मन गर्दैनन् ।

कपिलवस्तु असुरैना बस्ने ४० वर्षका राजपति नेटुवाको अनुभवमा स्कूलमा अहिले पनि छुवाछूत कायम छ । उनको भनाइ छ :

[६] कपिलवस्तु जिल्ला, शुद्धोदन गाउँपालिका वडा नं. ३, असुरैना बस्ने वर्ष ६५ काशीराम नेटुवासँग निजको घरमा साउन १५, २०७५ मा गरिएको कुराकानी ।

> हाम्रा समुदायका बालबालिका स्कूल पढ्न जाँदा सरस्वती पूजामा प्रसाद ग्रहणको बेला हाम्रा बच्चाहरूलाई अलग्गै बसालेर बाँड्ने गर्छन् स्कूलका शिक्षकहरू । स्कूलमा खानपिन हुने जुनसुकै कार्यक्रममा पनि हामीलाई अलग पार्छन् । अभिभावक भेलामा समेत हामीलाई अलग्गै राख्छन् । सबैको बराबरीमा हामी बस्न पाउँदैनौँ । यसरी जहिले पनि हाम्रा बालबालिका हामी अभिभावक समेत पनि स्कूलमा अपहेलित हुन्छन् ।

कपिलवस्तु, पकडी बस्ने शिक्षक दीपककुमार पासी सम्झन्छन् :

> भैसकुण्डा गाउँका आफूसँगै पढ्ने साथी शमसेर नेटुवा टाढा गाउँबाट ५ किलोमिटर हिँडेर स्कूल आउँथ्यो । किनकि ऊसँग साइकल थिएन । ऊ प्राय: घरबाट भोको पेट पढ्न आउँथ्यो । ८ कक्षासम्म आउँदा ऊ तिनै समस्याको कारणले ड्रपआउट भएर गयो र उसको शैक्षिक यात्रा त्यहीँ समाप्त भयो ।

शिक्षक पासीको अनुभवमा नेटुवा समुदाय दलित समुदायभित्रै पनि जातीय विभेदको मारमा बाँचिरहेको छ । उनीहरू आर्थिक रूपमा निकै कमजोर छन् । यसले गर्दा शिक्षा प्राप्त गर्नुभन्दा आफ्नो पेट पहिला कसरी पाल्ने भन्ने चिन्ता जोकोहीलाई पनि हुन्छ । यसले गर्दा उनीहरूको जीवनमा शिक्षा कहिले पनि प्राथमिकतामा पर्न नसकेको हुनुपर्दछ । अर्कोतिर जीविकाकै लागि घुमन्ते जीवन बताउनुपर्ने अर्को बाध्यात्मक अवस्था छ । यसरी बसोबासमा स्थायित्व हुन नसकेकोले पनि शिक्षाबाट अझै पनि टाढै छन् ।

भिक्षा माग्ने पेशाबाट अन्य पेशातिर फड्को मार्न सक्ने अवस्थामा स्कूल र शिक्षासम्म नेटुवाहरूका बालबालिकाको पहुँच बढेको देखिन्छ । तर विद्यमान संरचनामा पेशा परिवर्तनका लागि ज्ञान, क्षमता र पूँजीको प्रबन्ध सहज छैन । यसरी हेर्दा नेटुवा समुदायमा शिक्षा र भिक्षा बीचको गहिरो सम्बन्ध कायम राख्दै आएको सामाजिक संरचनालाई बिर्सन मिल्दैन । विशेष गरी उनीहरूलाई गरिबीमा बाँच्न बाध्य पार्ने सामाजिक संरचनासँगै गाँसिएको जातव्यवस्था र घुमन्ते जीवन शैलीले पनि उनीहरूलाई शिक्षाबाट विमुख गरेका छन् । समाज र राज्यले उनीहरूको बाँच्दै आएको गरिबी र उनीहरूले भोग्दै आएको जात व्यवस्थामा तटस्थ भूमिका खेलिरहेको देखिन्छ ।

## परिवर्तनका लागि संगठित प्रयास

नेटुवा समुदाय अरू समुदाय जस्तो स्थिर छैन । अरू समुदाय र अन्य पक्षसँग अन्तरक्रियाको क्रममा यस समुदायका पेशा र जीविकामा फेरबदल आउँदै छ । पुराना पेशामा सुधार र

परिवर्तनका लागि भएका प्रयास उल्लेखनीय छन् । भिक्षा माग्ने चलनमा आएको परिवर्तनबारे कपिलवस्तु बिशुनपुरकी वर्ष ३५ की बिमला नेटुवाको अनुभव उल्लेख्य छ :

> जूठो थालीबाट संकलन गरेर खाना खाने चलनलाई अन्त गर्न बिरादरीमा छलफल भयो । अब कसैले पतरी (खानाखाने पातको थाल) मा बचेको खाना संकलन गरेर जूठकुठ खायो भने पाँच हजार नगद जरिवाना तिर्नुपर्दछ । पाँच पतरी गु (दिसा) खाए सरह मानिने भनी कडाइ गरियो । यसले गर्दा बिस्तारै त्यो चलन हराउँदै गयो । पछि दिउँसो भिक्षा मागेर खाने, राति खाना वा भात मागेर खाने चलन शुरू भयो । यसलाई हाम्रो भाषामा फेरी लगाएर खाने भनिन्छ । हामी यो गाउँ त्यो गाउँ सबै परिवार डेरा लिई डुल्दै बस्दै गर्थ्यौं र बास बसेको गाउँमा फेरी लगाएर हामी जनाउँ दिन्थ्यौँ—हामी एक छाक खाना लिन आउँछौँ । राति खाना मागेको बेला कसैले जूठो दिन्थ्यो कसैले टोटका (टुनामुना) गरेर दिन्थ्यो । त्यही भएर त्यो चलन पनि बिस्तारै समाप्त भयो । अहिले चाहिँ दिउँसो भिक्षा माग्छौँ र भिक्षामा पाएको अनाजलाई घरमा पकाएर आफैँ खान्छौँ ।

नेटुवा समुदायका युवा पिँढीमा भने जातीय पेशाको रूपमा स्थापित कार्यबाट आफ्नो परिवार र समुदायको विकास एवं प्रगति नहुने र पेशाको रूपमा रहेको भिक्षा माग्ने कार्यलाई नराम्रो कार्य हो भनी ठानिएको देखिन्छ । कपिलवस्तु असुरैनाका सरोज नेटुवा वर्ष २२ को बुझाइमा हिजोसम्म आफ्ना पुर्खाले जसरी भिक्षा मागेर, सर्प समातेर, मह काढेर मात्रै जीवन गुजारा गरे, त्यस्तो जिन्दगीभन्दा फरक किसिमको जिन्दगी बिताउने चाहना उनीहरूमा छ । उनको भनाइ छ :

> अगाडिको आफ्नो जीवनको स्थितिमा सुधार ल्याउन वा अगाडि बढाउन मेहनत मजदुरी परिश्रम गर्नुपर्दछ । हुन त हामीसँग खेतीपाती छैन, त्यही भएर मजदुरी गर्न जान्छौँ । मजदुरी मेहनत गरेर हामी छोराछोरीलाई बोर्डिङ पढाउन त सक्दैनौँ, तर सरकारी स्कूल त पढाउन सक्छौँ । म अहिले बाजा बजाउने कार्य पनि गर्छु । अर्काको मातहतमा काम गर्छु । अरूले तोकिदिएको ज्यालामा काम गर्नुपर्दछ । आफूसँग केही सीप वा पूँजी भए म पनि केही गर्न सक्छु ।

नेटुवा समुदायका अगुवा नेतराम नेटुवा जातप्रथाले रोकेको सामाजिक अन्तरक्रियाको बाटो फराकिलो पार्नुपर्ने कुरामा जोड दिँदै भन्छन् :

> हाम्रो समुदायलाई समाजमा हेर्ने दृष्टिकोण निम्न स्तरको छ । अन्य समुदायले त विभेद गरिरहेकै छ नै, हाम्रो दलित समुदायले पनि जातीय भेदभावको मार खुवाइरहेको छ । हामी दलित भित्रका पनि महादलित हौँ । किनभने हामीले छोएको पानी त चमार, पासी, धोवी, कोरी कोही पनि खाँदैनन् । दुई चार वर्ष यतादेखि अन्य कुनै समुदायसँग नजिक आउने-जाने, उठबस हुने शुरूआत भएको छ, तर पनि हामी समाजबाट टाढै छौँ ।

यस बीचमा २०७४ साल वैशाखको पहिलो सातामा पत्थरकट्टा जातिलाई नेपाल सरकारले दलित समुदायबाट अल्पसंख्यक एवं लोपोन्मुख जातिभित्र सूचीकृत गरेपछि नेटुवा समुदाय पनि संगठित हुन थालेको छ । यस समुदायका अगुवाहरूको भनाइमा नेटुवा समुदायको पत्थरकट्टा जातिभन्दा पनि जनसंख्या कम भएको र सामाजिक एवं आर्थिक रूपमा समेत उनीहरूभन्दा कमजोर रहेकोले नेटुवा जातिलाई पनि अल्पसंख्यक एवं लोपोन्मुख जातिभित्र सूचीकृत गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पत्थरकट्टा जाति सरह नै पाउनुपर्छ । त्यही माग पूर्तिका लागि कपिलवस्तु र रुपन्देही जिल्लामा बसोबास गर्ने नेटुवा समुदायबीच नयाँ संगठन बनेको छ । यसै क्रममा उनीहरूले कपिलवस्तुबाट मनखोरिया बस्ने नेतराम नेटुवा र रुपन्देहीबाट रामलखन नेटुवालाई समुदायको तर्फबाट प्रतिनिधि छनोट गर्दै राजधानी काठमाडौँका विभिन्न मन्त्रालयमा ज्ञापनपत्र बुझाउन पठाएका थिए ।

आफ्नो स्थायी बसोबास समेत नभएको समुदायको संगठन बनाउनु र आफ्नो समुदायको हक अधिकार स्थापनाका लागि सक्रिय हुनु सहज छैन । नेटुवा समुदायका अगुवा नेतराम नेटुवाको तीतो अनुभव छ :

> जमिनदारकै जग्गामा बसोबास गर्ने भएकाले केही काम गर्नुअघि जमिनदारको स्वीकृति लिनुपर्दछ । त्यसैले अझै पनि स्वतन्त्रता पूर्वक आफ्नो कुनै पनि गतिविधि गर्न पाउँदैनौँ । हाम्रो बिरादरीको समस्या अरू पनि धेरै छन् जसका लागि हामी हाम्रो जातिलाई अल्पसंख्यक एवं लोपोन्मुख जातिभित्र सूचीकृत गर्न चाहन्छौँ । त्यसका लागि आवतजावत खर्च उठाएर बिरादरीका हरेक घरबाट आवश्यकता बमोजिम कहिले दुई सय त कहिले चार सय रकम संकलन गरी काठमाडौँ गएका छौँ र आफ्नो मुद्दालाई नेपाल सरकार समक्ष पुऱ्याएका छौँ । हामीले यहाँका धेरै जना राजनीतिक अगुवा र नेतालाई गुहाऱ्यौँ, सहयोग माग्यौँ तर कसैले पनि सुनेनन् । हाम्रो कुरा कसैले पनि सुन्दैनन् । नेताहरू भोट माग्न आउने बेला निकै आश्वासन दिएर जान्छन् । पछि कोही पनि हाम्रो बस्तीमा फर्केर आउँदैनन् ।

अध्ययन गरिएका ती दुवै जिल्लामा कतै पनि यस समुदायको प्रतिनिधित्व कुनै राजनीतिक तहमा र सरकारी निकायमा रहेको देखिँदैन । "सानो जनसंख्या, अत्यधिक गरिबी र शिक्षामा पहुँचहीनताका कारण दलित समुदायका संघसंस्था र निकायमा समेत उनीहरूको सहभागिता न्यून छ । उनीहरूलाई मूलधारमा ल्याउन राज्यले त उदासीनता देखायो नै, दलित समुदायद्वारा सञ्चालित संघसंगठनले समेत पहल गरेको देखिँदैन । ती संस्थामा समेत उनीहरूको प्रतिनिधित्व नदेखिनु दुःखलाग्दो कुरा हो" (रसाइली २०७६ : ३०५–३०६) । उनीहरू राज्य र समाजमा आफ्नो प्रतिनिधित्व भएको भए आफ्नो समुदायका समस्याको सुनवाइ छिटो हुने जिकिर गर्छन् ।

## निष्कर्ष

मधेसी समाजभित्र बसोबास गर्ने नेटुवा समुदायका आर्थिक, सांस्कृतिक र राजनीतिक पक्ष हेर्दा अन्य जातजाति र समुदायको अवस्थाभन्दा निकै पछाडि तथा कमजोर स्थितिमा रहेको देखियो । नेपाली समाजका प्रभुत्वशाली वर्ग र उनीहरूको राज्यबाट परित्यक्त ठानिएका नेटुवा समुदायसँग जुन जुन विशिष्ट गुण, ज्ञान, क्षमता र कला-सीप छ ती सामाजिक विभेद र हेलाहोचोको कारण र गुजारा नै नचल्ने खालको जीविकाको चरम दबाबका कारण लोप हुने क्रममा छन् ।

बदलिँदै गरेको सामाजिक संरचना र राज्यको कानूनले उनीहरूलाई समाज र राज्यमा अगाडि ल्याउने र सशक्त पार्ने काम गरेको पाइएन । बरु उनीहरूसँग भएको परम्परागत सीप, ज्ञान र कौशल हराउँदै जाने र नयाँ सीप, ज्ञान र कौशल पाउन कठिन भएर जीवन र जीविका चलाउन नै धौ-धौ हुने क्रम अरू बढ्ने देखिन्छ । त्यसैले उनीहरू आफ्नो जीविका गर्ने वैकल्पिक पेशालाई लिएर निकै चिन्तित देखिन्छन् । फेरिँदो समय र सामाजिक परिवेश अनुसार पेशा फेर्न र त्यसका लागि शिक्षादीक्षा पाउन उनीहरूमा पनि भित्री चाहना रहेको तथ्य महसुस गर्न सकिन्छ ।

नेपाली समाजमा विद्यमान जातीय विभेद र रुढिवादी परम्पराले नेटुवा समुदायलाई गाउँको कुनामा बसोबास गर्न बाध्य पारेका छन् । अन्य समुदाय र जातजातिसँग उनीहरूको सामाजिक अन्तरघुलन कम छ । त्यसैले उनीहरूले आफूलाई समाजको एउटा अंगको रूपमा महसुस गर्न पाएका छैनन् । सम्मानजनक रूपमा सामाजिक अन्तरघुलनको अभियान चलाइयो भने उनीहरूमा आत्मसम्मानको भाव जागृत हुने र उनीहरूको जीवन परिवर्तनका अन्य ढोका खुल्ने सम्भावना देखिन्छ । यस कामका लागि उनीहरूको तर्फबाट पहल शुरू भइसकेको छ । अब राज्यको पहलकदमीसँगै समाजका सचेत र शिक्षित वर्ग क्रियाशील भएमा उनीहरूको सामाजिक सम्मान र समावेशीकरणको पाटोमा सकारात्मक परिवर्तन आउन सक्छ ।

## धन्यवाद

यो लेखको शुरूआतदेखि सल्लाह र सुझाव दिई सहयोग गर्ने मार्टिन चौतारीका सोहन प्रसाद साह तथा महेशराज महर्जनलाई धन्यवाद दिन चाहन्छु । मलाई मेन्टरिङ गरेर साथै भाषा सम्पादन गरेर सहयोग गर्नुभएकोमा राजेन्द्र महर्जनप्रति आभार व्यक्त गर्दछु । यस अध्ययन कार्यमा वृत्ति प्रदान गरी सहयोग गर्ने मार्टिन चौतारीप्रति आभारी छु ।

## सन्दर्भ सामग्री

केतवि (केन्द्रीय तथ्यांक विभाग) । सन् २०१२ । *राष्ट्रिय जनसंख्या तथा घरधुरी जनगणना* । काठमाडौँ : नेपाल सरकार ।

देवी, जी.एन. । सन् २०१२ । भूमिका । *बिहार के नट जीने की बाजीगरी* । पुरुषोत्तम र जोस कलापुरा, सं. । गाजीपुर दिल्ली : दानिश बुक्स ।

रसाइली, मेघराज । २०७६ । *आन्तरिक विभेदको वृत्तान्त : दलित र गैरदलित भित्रका विभेद र छुवाछूत* । ललितपुर : समता फाउण्डेशन ।

लाइभ हिन्दूस्तान टीम । सन् २०१० । बहरुपिए दूसरों को खुश रखने वाले आज खुद दुखी हैं । जुलाई १७, पृ. २ ।